"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र रोजगार : बृन्दावन नगरपालिकाको सम्बृद्धिको आधार

# आ.व. २०७९/०८० को नीति, कार्यक्रम तथा बजेट

## छैठौँ नगर सभा

२०७९/०३/१० गते शुक्रबार

बृन्दावन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बिश्रामपुर, रौतहट

मधेश, प्रदेश, नेपाल

CamScanner

बृन्दावन नगरपालिकाको छैठौं नगर सभा तथा दोस्रो कार्यकालको ऐतिहासिक प्रथम नगर सभाका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरु, नगर सभा सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, पूर्व नगर प्रमुख ज्यू, पूर्व नगर उप-प्रमुखज्यू, राजनितिक दलका प्रतिनिधिज्यूहरु, पूर्व वडा अध्यक्षज्यूहरु, सुरक्षा निकायका प्रमुख ज्यूहरु, पत्रकार ज्यूहरु, नगरपालिकाका विषयगत शाखाका प्रमुखज्यूहरु, उपस्थित प्राधानाध्यापक ज्यूहरु, राष्ट्र सेवक कर्मचारीज्यूहरु तथा उपस्थित आदरणीय नगरबासी दाजुभाई तथा दिदिबहिनिहरु,

राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, मधेश आन्दोलन, सशस्त्र संघर्स, त्याग र बलिदानीको गौरवपूर्ण ईतिहासलाई स्मरण एवम् ज्ञातअज्ञात सहिदहरुलाई सम्मान गर्दै रौतहट जिल्लाको बृन्दावन नगरपालिकाको छैठौं नगरसभा र दोस्रो कार्यकालको प्रथम र ऐतिहासिक नगरसभामा सहभागी सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्दछु ।

नेपालको संविधान २०७२ अनुसार संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ती, सुशासन, विकाश, समृद्धिको आकांक्षा पुरा गर्न दोस्रो पटक स्थानीय तहको निर्वाचन सम्पन्न भई संविधान र प्रचलित कानूनको अधिकार सम्पन्न स्थानीय सरकारको तर्फबाट पहिलो पटक यस सार्वभौम नगरसभामा सबै वडा र विभिन्न क्षेत्रबाट प्राप्त हुने सुझाव सल्लाह हाम्रो जनताप्रतिको प्रतिबद्धताका आधारमा आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवको अनुभुति गरिरहेको छु ।

साविक पाँच वटै गा.वि.स. हरु बिश्रामपुर, रमौली-बैरिया, हर्दिया, सखुअवा-धमौरा, तथा गम्हरिया विर्ता मिलेर बनेको बृन्दावन नगरपालिकाको तिब्र विकाश र समृद्धिको कार्यदिशा अघि बढाउन तथा याहाँ सबै नागरिकको सुखी जिवनयापनको लागि हामीलाई यो महत्वपूर्ण जिम्मेवारी र कार्यभार सुम्पिने सबै नगरबासी दाजुभाई दिदिबहिनिहरु र सुभेच्छुक र सरोकार पक्षहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

- यस नगरपालिकाको सोंच — "शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र रोजगारः बृन्दावन नगरपालिकाको समृद्धिको आधार" ।

आन्तरिक आय पहिचान तथा आन्तरिक आय बृद्धि गर्दै न्यायोचित वितरण सहितको भौतिक, आर्थिक, सामाजिक विकाश लगायतका क्रियाकलाप मार्फत समृद्ध नगरपालिका बनाउन आर्थिक वर्ष २०७९/०८० मा बृन्दावन नगरपालिकाले अवलम्वन गर्ने विषयगत क्षेत्रका रणनीतिहरु संक्षिप्तरुपमा प्रस्तुत गर्न चाहन्छु ।

## सामाजिक विकास

१. **शिक्षा, यूवा तथा खेलकुद : (शिक्षामा सुधार : प्रगतिको आधार)**

(क) सार्वजनिक शिक्षाको सबलीकरण गर्दै रोजगारमूलक र प्रविधिमैत्री शिक्षा प्रदान गर्ने नीति लिइनेछ ।

(ख) नगरभित्र साक्षरता अभियान संचालन गरी साक्षर नगरपालिका घोषणा गरिनेछ ।

(ग) नगरभित्रका बालबालिकाहरुको सर्वाङ्गीण विकासका लागि सामुदायिक बाल उद्यान केन्द्र स्थापना गरिनेछ ।

CamScanner

(घ) न्यून दरबन्दी रहेका विद्यालयहरुमा विद्यार्थी संख्याका आधारमा नगरपालिकाबाट स्थानीय शिक्षकको व्यवस्था गरी पठनपाठनलाई सुदृढीकरण गरिनेछ ।

(ङ) स्थानीय विषयमा पाठ्यक्रम निर्माण गरी लागू गरिनेछ ।

(च) विद्यालय बाहिर रहेका सबै बालबालिकाका लागि विद्यालयमा ल्याउन कार्यक्रम संचालन गर्ने निति लिइनेछ ।

(छ) दलित (मुसहर, डोम, हल्खोर सामुदायका विशेष प्राथमिकता) का साथ छात्र/छात्रा तथा मुस्लिम समुदायका छात्राहरुलाई SEE पछि CTEVT तर्फको प्राविधिक शिक्षाका लागि यस नगरपालिकाबाट जम्मा १० (दस) जना विद्यार्थीहरुलाई कार्यविधि बनाई विशेष छात्रवृत्ति प्रदान गरिनेछ ।

(ज) सामुदायिक विद्यालयको गुणस्तर बढाउनका लागि आफ्ना छोराछोरी पढाउने जनप्रतिनिधि, शिक्षक तथा कर्मचारीहरूलाई प्रोत्साहन गरी क्रमशः अनिवार्य गर्ने नीति लिइनेछ ।

(झ) बृन्दावन प्राविधिक शिक्षालयको पठनपाठनलाई विषय र क्षेत्रगत रुपमा विकास र विस्तार गर्दै लगिनेछ ।

(ञ) कक्षाकोठा, शौचालय, खानेपानी, घेराबार भएका विद्यालयको भौतिक संरचना मर्मत गर्दै क्रमशःसुधार गर्दै लगिनेछ ।

(ट) सबै विद्यालयहरुमा कम्प्युटर प्रयोगशाला, विज्ञान प्रयोगशाला र पुस्तकालयको क्रमशः स्थापना तथा व्यवस्थापन गरिनेछ ।

(ठ) विद्यालयहरुमा वृक्षारोपण गरी हरित विद्यालयको अवधारणालाई अगाडी बढाइनेछ ।

(ड) शिक्षकहरुको क्षमताको वृद्धि र विकासको लागि तालिम संचालन गरिनेछ ।

(ढ) शिक्षक दरबन्दी मिलान गरी शिक्षकको व्यवस्थापन गरिने नीति लिइनेछ ।

(ण) न्यून विद्यार्थी संख्या र विद्यालयको दूरी १ कि.मी. भन्दा कम भएको विद्यालयहरुलाई क्रमशः गाभ्ने नीति लिइनेछ ।

(त) धार्मिक प्रकृतिका शिक्षालयहरूलाई मूलप्रवाहीकरण गरिनेछ ।

(थ) नगरभित्रका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न १० बर्षे शिक्षा योजना निर्माण गरी चालु आर्थिक वर्षबाट लागू गर्दै लगिनेछ ।

(द) शिक्षकहरुको लागि गोल्डेन ह्यान्डसेकको अवधारणालाई लागु गरिनेछ।

(ध) सबै विद्यालयमा कक्षा १ देखि अङ्ग्रेजी माध्यमबाट पठनपाठन गराउने निति लिइनेछ । र, यो कार्य यस वर्ष मा.वि. तह संचालित विद्यालयबाट सुरु गरिनेछ ।

(न) भिन्न क्षमता भएका बालबालिकाहरूको शिक्षाको सुनिश्चितताको लागि क्रमशः अवसरहरूको बिस्तार गरिनेछ।

(प) यूवा तथा खेलकुद मन्त्रालय र नगरपालिकाको सहकार्यमा स्थानीय खेलकुद पूर्वाधार विकास कार्यक्रम एक पालिका एक खेल मैदान मार्फत स्थानीय यूवा खेलाडीहरूलाई वृत्ति विकासको अवसर सृजना गरिनेछ।

(फ) स्थानीय खेल मैदानहरूको स्तर उन्नति गरिनेछ ।

(ब) नगरपालिका भित्र सञ्चालित विद्यालयहरुमा रहेका बालविकास तर्फका शिक्षक, कार्यालय सहयोगी र विद्यालय कर्मचारीको तलब नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम क्रमशः मिलान गर्दै लगिनेछ ।

CS CamScanner

२. स्वास्थ्य : ( जनताको अधिकार : निशुल्क स्वास्थ्य उपचार )

बृन्दावन नगरपालिकाले नगरभित्रका नागरिकहरुलाई आधारभूत स्वास्थ्य सेवाहरु नियमित एवं व्यवस्थित रुपमा पुर्याई नागरिकको स्वास्थ्य अभिवृद्धि तथा प्रवर्धन गर्ने नीति लिइएको छ । नगरपालिकाले हाल संचालनमा रहेको स्वास्थ्य कार्यक्रमहरुलाई निरन्तरता दिदै नागरिक स्वास्थ्य सेवालाई प्रवर्धन गरी पँहुच अभिवृद्धि गर्न देहाय बमोजिम नीति तथा कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

(क) नगर प्रमुख स्वास्थ्य कार्यक्रम अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र बिश्रामपुरमा समय समयमा विशेषज्ञ सेवासहित शल्यक्रिया सहितको प्रसुति सेवा प्रदान गर्नुका साथै नगर भित्रका विभिन्न वडाहरुमा विशेषज्ञ सेवा तथा आवश्यक पूर्वाधार सहित स्तरोन्नति गरिनेछ ।

(ख) हाल सञ्चलित बर्थिङ्ग सेन्टरलाई स्तरउन्नति तथा प्रभावकारी बनाइनेछ ।

(ग) बृन्दावन नगरपालिकामा स्वीकृत १५ शैयाको आधारभूत अस्पताललाई प्रदेश स्तरको अस्पतालको रूपमा स्थापना तथा संचालन गरिनेछ।

(घ) प्राथमिक स्वास्थ्य केन्द्र, बृन्दावनमा प्रयोगशाला, ईमरजेन्सी सेवा, अल्ट्रासाउण्ड सेवा, डिजीटल एक्सरे, पोस्टमार्टम, सर्पदंश र ARV उपचार सेवा विस्तार गर्दै नमुना प्राथमिक स्वास्थ्य केन्द्र बनाइनेछ ।

(ङ) स्वास्थ्य संस्थाहरुमा हाल संचालनमा रहेका गर्भवती जांच तथा प्रसुति सेवा, खोप तथा गाउँघर क्लिनिक सेवा, ओ.पी.डी.सेवा र आमा समूह बैठक र अन्य राष्ट्रिय कार्यक्रमहरुलाई व्यवस्थित एवं सबलीकरण गर्दै लगिनेछ।

(च) सवै स्वास्थ्य संस्थामा आधारभूत स्वास्थ्य सेवाहरु संचालन गरी सोको अनलाईन रिपोर्टिंगको व्यवस्था गरिनेछ ।

(छ) जेष्ठ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन सहितको सुनौलो स्वेच्छिक अवकासको अवधारणालाई अवलम्बन गरिनेछ । साथै महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन गर्ने नीति लिईनेछ ।

(ज) स्वास्थ्यकर्मीहरुलाई आवश्यक विषयगत तालिमको व्यवस्था गरिनेछ ।

(झ) स्वास्थ्य बिमा कार्यक्रमलाई स्थानीय नगरपालिकाबाट बिशेष प्राथमिकताका साथ व्यवस्थित गर्दै लगिनेछ । र, स्वास्थ्य बिमा सहयोगीलाई बिमा कार्यक्रम प्रभावकारी बनाउन आर्थिक रुपमा सहयोग गर्ने नीति लिईनेछ ।

(ञ) बहुक्षेत्रीय पोषण कार्यक्रमलाई बिशेष प्राथमिकताका साथ लागु गरिनेछ।

(ट) बृन्दावन नगरपालिकालाई क्षयरोग मुक्त बनाउन कार्यक्रम संचालन गरिनेछ।

(ठ) नगर भित्र औलो, कालाजार रोग नियन्त्रण कार्यक्रमलाई प्रभावकारी रूपमा संचालन गरिनेछ।

(ड) जेष्ठ नागरिकहरुको लागि नियमित स्वास्थ्य परिक्षणको व्यवस्था मिलाइनेछ ।

(ढ) प्रसव वेथाका गर्भवति महिला, सुत्केरी र अति विपन्न परिवारका सिकिस्त बिरामीलाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ ।

३. खानेपानी तथा सरसफाई : (निशुल्क खानेपानी : सुखी जिन्दागानी)

(क) यस नगरभित्र बसोबास गर्ने सम्पूर्ण नागरिकहरुको लागि स्वच्छ खानेपानीको व्यवस्थापनका लागि प्रत्येक वडामा जल संरक्षण कार्यक्रम सञ्चालन मार्फत नगरक्षेत्रको पिउने पानीको दिगो समाधान गर्ने नीति लिइनेछ।

(ख) फोहोरको उत्पादन स्रोतमा नै वर्गीकरण गरी फोहोरलाई मोहरमा रुपान्तरण गर्न आधुनिक प्रविधिको फोहोर संकलन केन्द्रको स्थापना गरिनेछ।

(ग) नगरपालिका र नेपाल खानेपानी संस्थानसंग समन्वय गरी एक घर एक धारा अवधारणा अन्तर्गत ओभरहेड ट्यांकीबाट आवश्यक सफा स्वच्छ खानेपानी वितरण व्यवस्था सुरु गरिनेछ ।

(घ) टोल बस्तीमा रहेका परम्परागत तथा पहिला जडान भएको ह्याण्ड पाईप आउने पानीको परिक्षण गरिनेछ । पिउन योग्य पानीको सचेतना अभिबृद्धि गरिनेछ ।

४. **लैङ्गिक समानता तथा सामाजिक विकास :**

(क) आर्थिक समृद्धि र दिगो विकास, समान पहुच र नेतृत्व विकासका लागि महिलालाई अवसर सृजना हुने सिपमुलक कार्यक्रम संचालन गर्ने नीति लाइनेछ।

(ख) अपाङ्गता भएका व्यक्तिहरुका लागि सहज रुपमा अपाङ्गता परिचयपत्र प्राप्त गर्न घुम्ती शिबिर संचालनमा ल्याइनेछ ।

(ग) जेष्ठ नागरिकलाई सम्मान सहित बाँच्न तथा सम्मानको वातावरण विकास गर्न ज्येष्ठ नागरिक उद्यान स्थापना गरिनेछ ।

(घ) बालबालिका तथा किशोरा किशोरीलाई असल अभ्यासको अनुसरण गर्न तथा विकृती तथा विसंगतीबाट जोगिन उप-मेयर चेतना मुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

(ङ) बालबालिकाहरूमा पोषण आहार, असल आनीबानी र अभिभावक बीचको सुमधुर सम्बन्ध विकास गर्न बाल संवेदनशील अभिभावक कक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

(च) अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्ग सहायक साम्रगी तथा सीप मूलक तालिम दिई आत्म निर्भर तथा आत्म विश्वासको बृद्धि गर्ने वातावरण सिर्जना गरिनेछ ।

(छ) जोखिममा परेका बालबालिकाहरूका लागि तत्काल राहत उद्दार र संरक्षणका लागि बाल अक्षय कोषको स्थापना गरिनेछ ।

(ज) नगरपालिकाको वडा स्तरमा आफ्नै भवनमा बाल स्याहार केन्द्र स्थापना गर्न बिशेष पहल गरिनेछ।

(झ) सामाजिक सुरक्षा भत्तालाई लाभग्राही सम्म सरल, सहज र पहुँच योग्य बनाउन नगरपालिका भवनमा स्थानीय बैंकसंगको समन्वयमा एक बिस्तारित शाखा (EXTENSION COUNTER) स्थापना गरिनेछ ।

(ञ) लैङ्गिक तथा घरेलु हिंसा पिडितहरुको लागि हिंसा निवारण कोषको स्थापना गरिनेछ।

(ट) महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिको हकमा आवश्यक कार्यविधि निर्माण गरी विविध पक्षबाट विकासको लागि पहल गर्ने नीति ल्याईनेछ।

(ठ) नगरपालिका भित्र रहेका सम्पूर्ण महिलाहरुको विवरण संकलन गरी सोही बमोजिम अवस्था आंकलन गरी लक्षित कार्यक्रम संचालन गरिनेछ ।

(ड) सरकारी, गैर सरकारी संघसंस्थाहरूसँगको सहकार्यमा लागु औषध दुर्व्यसन रोकथाम अभियान संचालन गरी नगरलाई लागु औषध मुक्त क्षेत्र बनाउन सहयोग पुर्याईनेछ ।

CamScanner

## आर्थिक विकास

५. कृषि र पशुपन्छी विकासः

कृषि : (संरक्षित कृषि बजार : **किसानको जिवनमा बहार)**

(क) निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक कृषि तर्फ उन्मुख गर्दै व्यवसायिक कृषिलाई बजारको प्रतिस्पर्धी बनाउनुका साथै विषादी रहित अर्गानिक खेती र गुणस्तरीय उत्पादनका लागि कृषिका सबै सरोकारवालाहरु (उत्पादक, प्रशोधनकर्ता, व्यापारी) समेतको माग र आवश्यकता अनुसार सम्बोधन गर्ने नीति लिइनेछ ।

(ख) नगर भित्रका वडाहरुलाई उत्पादनको आधारमा एक वडा एक उत्पादनमा जोड दिई व्यवसायीकरणलाई बढावा दिदै कृषि उपभोगमा नगरलाई आत्मनिर्भर बनाई कृषि बस्तु निर्यातमा विशेष जोड दिइनेछ ।

(ग) कृषकहरुको सीप अभिबृद्धि र प्रविधिमा पहुँच विस्तार गर्ने कार्यक्रमिक र संस्थागत सुधार गरिनेछ।

(घ) प्रत्येक वडामा कृषि उपज संकलन केन्द्र स्थापना गर्न जोड गरिनुका साथै परम्परागत हाट बजार व्यवस्थापन गरी स्थानीय कृषि बजार र निर्यात प्रवर्द्धनमा जोड दिइनेछ ।

(ङ) नगर भित्र उत्पादित कृषि उत्पादनको न्यूनतम समर्थन मूल्य तोकिने छ र सोही अनुसार विक्रि मूल्य कायम गरिनेछ ।

(च) कृषि उत्पादनसँग सम्बन्धित साना तथा मझौला उद्योग स्थापनामा सहयोग गरिनेछ ।

(छ) युवा लक्षित कार्यक्रमको सहयोगमा कम्तिमा १ वडा १० यूवा कृषकलाई कृषि उत्पादनमा सहभागी गराई कृषि क्षेत्रको व्यवसायीकरण गर्न प्रोत्साहन गरीनेछ ।

(ज) मौरीपालन, च्याउको विउ, उन्नत तरकारीको वीउ, विभिन्न जातका फलफुल खेती, रैथाने वाली, प्लाष्टिक टर्नेल, ग्रीन हाउस, आधुनिक कृषि यन्त्र तथा उपकरण आदिमा निश्चित प्रतिशत अनुदान दिई कृषि सहकारी, समूह, फर्म तथा कृषकलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

(झ) गोबर तथा गोठ सुधार कार्यक्रम संचालन गरी आधुनिक प्रांगारिक खेतिमा जोड दिइनेछ ।

(ञ) किसान परिचय पत्र कार्यक्रमलाई विशेष जोड दिई परिचय पत्रको आधारमा व्यवस्थित रुपमा कृषि व्यवसाय गर्नेहरुको लागि व्यवसायिक योजनाका आधारमा सहुलियत ऋण वा अनुदान उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थाहरुसगँ समन्वय गरी सहजीकरण गरिनेछ ।

(ट) निर्मित कृषि उपज संकलन केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालनमा ल्याइनेछ ।

(ठ) साना कृषक तथा भूमीहीन कृषकको लागि विशेष कार्यक्रम ल्याइनेछ ।

(ड) नगर भित्रका उत्कृष्ट कृषक, समूह, सहकारीलाई सम्मान गर्ने कार्यक्रम ल्याइनेछ ।

(ढ) कृषि विमा अभिमुखीकरण गरिनुको साथै विमा कार्यक्रमलाई विशेष जोड दिइनेछ ।

(ण) सबै वडामा माटो परिक्षण शिविर कार्यक्रम सञ्चालन गरिनेछ ।

(त) कृषि उत्पादनको बृद्धि गरी उत्पादकत्व बढाउनको लागि यस नगरपालिका भित्र रहेका सबै वडाहरुमा आवश्यकता अनुसार सिचाई कार्यक्रमलाई विशेष जोड दिइने नीति लिईनेछ ।

(थ) कृषि सेवालाई सरल र सहज रुपमा कृषकको घरदैलामा पुर्याउनको लागि आवश्यक कृषि प्राविधिकहरुको व्यवस्था गर्ने नीति लिईनेछ ।

CamScanner

(द) कृषि उपजको भण्डारणका लागि SAILO, साना शित भण्डार जस्ता प्रविधिको कृषि समूह सहकारी तथा व्यवसायीक किसानहरुलाई सहयोग गरिनेछ ।

**पशु तथा मत्स्य विकास :**

(क) यस नगरपालिका भित्र रहेको विभिन्न पशुपंक्षीको संख्या तथा उत्पादन हुने सामग्री जस्तै दुध, मासु जस्ता वस्तुको सफ्टवेयर मार्फत तथ्याङ्क लिई पशुपंक्षीको डाटाबेस डिजिटल रुपमा तयार गर्ने कार्यलाई प्राथमिकताका साथ अघी बढाइनेछ ।

(ख) कृषकलाई पशु आहारामा लाग्ने खर्च न्युनिकरण गर्ने उद्धेश्यका साथ पशु आहारा सेवा अन्तर्गत घाँसबाली, विउ वेर्ना, वर्षे तथा हिंउदे घाँसको वितरण गरी कृषक समक्ष पुर्याउनेछ ।

(ग) पशुपंक्षीमा लाग्ने सरुवा तथा संक्रामक रोग जस्तै पि.पि.आर, खोरत, भ्यागुते र स्वाइन फ्यु जस्ता रोगहरु विरूद्ध कृषकको घरदैलोमा गई रोगको खोपसेवा संचालन गरिनेछ ।

(घ) कृत्रिम गर्भधान प्रविधिलाई जोड दिदै यस नगरपालिकाको पशु प्राविधिकबाट कृषि गणना सेवा लिइएको कृषकको गाई वा भैसी व्याएको समयमा उक्त कृषकलाई नमुनाको रुपमा पशु सुत्केरी भत्ता वा सो समयमा आवश्यक रहने पौष्टिक पदार्थ स्वारुप औषधि उपलब्ध गराउने कार्यलाई नमुना रुपमा संचालन गरिनेछ ।

(ङ) नगरपालिकामा व्यवसायिक रुपमा पशुपालन गर्दै आएका कृषकहरुलाई मध्य नजर गर्दै आवश्यकता बमोजिम कृषि यान्त्रिकरणहरु च्यापकटर (कुट्टि काट्ने मेसिन), मिल्किङ्ग मेसिन, दुध संकलन क्यान आदि वस्तु ५०% अनुदानमा उपलब्ध गर्ने कार्य प्राँथमिकतामा राखिनेछ ।

(च) जिनेटिक रोग तथा अन्य रोगहरुको बारेका जनचेतना जगाउने खालको कार्यक्रमहरु विस्तार गरिनेछ ।

(छ) विभिन्न जातका पशुपंक्षी पालनको लागि व्यवसायिक पालन बारे सिपविकास तालिम कार्याक्रम संचालन गरिनेछ।

(ज) वंगुर पालनबाट कृषकको अवस्थालाई सुधार गर्ने लक्ष्य सहित व्यवसायलाई प्रवर्धन गरीप्रत्येक वडामा तालिम दिई एक वंगुरपालन फर्म स्थापना गर्ने लक्ष्य लिइएको छ ।

(झ) नगरपालिका अन्तर्गत रहेको व्यावसायिक पशुपालन कृषकहरुलाई प्रोत्साहन तथा हौसला बढाउने लक्ष्य सहित प्रत्येक वडाबाट एक उत्कृष्ट कृषक छनौट गरि पुरस्कृत गर्ने कार्यक्रम संचालन गरिनेछ ।

(ञ) फर्म सुदृढीकरण अन्तर्गत गोबर सहितको गोठ सुधार कार्यक्रम संचालन गरिनेछ ।

(ट) उपचार सेवा नपुगेको ठाउँहरुमा पशु स्वास्थ्य शिविरहरु संचालन गरिनेछ ।

(ठ) गाई तथा भैसीमा देखिने मुख्य समस्या बाझोपनलाई निर्मुल गर्न भेटेरिनरी डाक्टर तथा पशु प्राविधिक सहित विशेष उपचार तथा शिविर संचालन गरी उत्पादकत्वलाई वृद्धि गरिने नीति लिईनेछ।

(ड) माछापालक कृषकलाई प्रोत्साहित गरिनेछ ।

(ढ) माछापालन व्यवसायलाई निर्यात मूखी बनाई सहजीकरण गरिनेछ ।

(ण) माछापालक कृषकलाई आधुनिक प्रविधिको उपयोग गर्ने र उत्पादन बृद्धि गर्न जोड दिइनेछ ।

(त) बृन्दावन नगरपालिकालाई माछा ब्लकको रुपमा विकास गरिनेछ ।

(थ) माछा भुरा उत्पादन, दाना व्यवस्थापन र सिंचाईका लागि व्यवसायीक माछा किसान तथा समूहलाई आवश्यक उपकरण तथा नयाँ प्रविधिमा सहयोग गरिनेछ ।

(द) उत्पादन भएको माछाको मूल्य अभिबृद्धि तथा बजारिकरणका लागि आवश्यक सहयोग गरिनेछ ।

६. रोजगार:

(क) बैदेशिक रोजगारबाट फिर्ता आएका श्रमिकहरूको सीप पहिचान गरी स्वरोजगार मुलक कार्यमा संलग्न गराउन पहल गरिनेछ । साथै स्वरोजगार मुलक कार्यमा संलग्न स्थानीय यूवा उद्दमीहरूलाई प्रोत्साहित गरिनेछ ।

(ख) संघ तथा प्रदेशले ल्याईएको रोजगार मुलक कार्यक्रमलाई अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ ।

(ग) दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगार प्रवर्दन गर्न आवश्यक सीपमुलक तालिमको पहिचान गरी बेरोजगार व्यक्तिलाई तालिम प्रदायक संस्थाहरूसंग समन्वय गरी तालिम प्रदान गरिनेछ ।

७. पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन :

(क) नगरभित्र पर्यटन प्रवर्धनका सम्भावनाहरूको अध्ययन गरीपर्यटन विकासलाई जोड दिईनेछ ।

(ख) ऐतिहासिक महत्व बोकेको जंग बहादुर राणाको मृत्यु भएको स्थल पथरघट्टा तथा सिमसार क्षेत्रको संरक्षण र विकास गर्दै सौन्दर्यता वृद्धि गरी आन्तरिक पर्यटकलाई आकर्षित गरिनेछ ।

(ग) ऐतिहासिक, धार्मिक, साँस्कृतिक सम्पदा तथा संस्कृतिहरुको पहिचान तथा अभिलेखीकरण गर्दै तिनीहरुको सर्वेक्षण, अनुसन्धान, सम्वर्द्धन, संरक्षणका लागि एकीकृत दीर्घकालीन गुरुयोजना निर्माण गरिनेछ ।

(घ) पथरघट्टा तथा सिमसार क्षेत्रलाई बिस्तार गर्दै आन्तरिक पर्यटन प्रवर्धन गरिनेछ ।

८. उद्योग तथा वाणिज्य

(क) नगरभित्र रहेका लघु तथा घरेलु उद्योगहरुको तथ्याङ्क संकलन गरी उद्योगहरुको प्रवर्द्धन र विकासमा जोड दिइनेछ ।

(ख) कृषिमा आधारित उद्योग स्थापना र संचालनमा प्रोत्साहन गरिनेछ ।

(ग) नगर भित्रका सहकारी संस्थाहरूलाई साना उद्योग संचालनका लागि प्रोत्साहन गरिनेछ ।

९. सहकारी र वित्तीय क्षेत्रको विकास:

(क) नगरपालिकामा सहकारी संस्था सम्बन्धी नीति, कानून र आवश्यकता अनुसार मापदण्ड तयारी गरी कार्यान्वयन र नियमन गर्ने नीति लिइनेछ ।

(ख) सहकारी संस्था दर्ता,अनुमति, खारेजी र विघटन, सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी मापदण्डको निर्माण तथा प्रभावकारी कार्यान्वयन र नियमन गरिनेछ ।

(ग) टोल टोलमा सहकारीको अवधारणा ल्याइनेछ ।

(घ) नगरपालिकामा वहुउद्देश्यीय सहकारी संस्था बनाई जनतामा छरिएर रहेको पूँजीलाई केन्द्रित गरिनेछ ।

(ङ) अन्तरनगर वित्तीय सहायताबाट काम गर्ने नीति अवलम्बन गरिनेछ ।

CamScanner

(च) नगरका तर्फबाट छिमेकी नगरपालिका, गाउँपालिका तथा छिमेकी देशसंग भगिनी सम्बन्ध कायमगर्ने नीति लिइनेछ ।

(छ) गरिवी निवारण कोष अन्तर्गतका समूह र ती समूहमा रहेको कोषको व्यवस्थापन तथा सञ्चालन गरिनेछ ।

## पुर्वाधार विकास क्षेत्र

१०. सडक पूर्वाधार तर्फको विकास निर्माण :

(क) नगरपालिका केन्द्रबाट सबै वडाकार्यालयसम्म जोड्ने मुख्य सडक कालोपत्रे गर्ने नीति अवलम्बन गरिनेछ ।

(ख) नगरपालिकामा स्थानीय सडक, ग्रामीणसडक, कृषि सडक सम्बन्धी नीति, कानून, मापदण्ड, योजना बनाई कार्यान्वयन गरिनेछ ।

(ग) अन्तर नगरपालिका जोड्ने सडकहरुलाई संघीय सरकार र प्रादेशिक सरकारसंग समन्वय गरी अगाडि बढाईनेछ ।

(घ) नगरपालिकाबाट संचालन हुने जटिल प्रकृतिका कार्यहरू निर्माण व्यवसायीहरूबाट गरिनेछ

(ङ) नगरपालिकाबाट निर्माण हुने मुख्य सडक ६ मी., कृषि सडक ४ मी., गोरेटो बाटो २ मी. हुने गरी निर्माण गरी कालोपत्रे वा आर सी सी/पी.सी.सी. ढलान गरिनेछ ।

(च) मास्टर ड्रेनेज प्लान बनाई बजार तथा सहरी क्षेत्रको ढल तथा नाला व्यवस्थापन गरिनेछ । र, बस्तीमा रहेका सडकहरुमा नालाको व्यवस्थापन गरिदै लगिनेछ ।

(छ) भौतिक पूर्वाधार निर्माण सम्बन्धी गुरु योजना तयार गर्न लागु गरिनेछ ।

(ज) झोलुङ्गे पुल विस्तार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११. भवन तथा सहरी विकास :

(क) सार्वजनिक तथा निजि घर निर्माण गर्दा राष्ट्रिय भवन संहिता र मापदण्डलाई अनिवार्य रूपमा लागु गरिनेछ।

(ख) भवन आचार संहिता अनुसार नगर भित्र नयाँ घरहरू निर्माण गराईनुका साथै नयाँ नक्सा पास गर्दा कम्तीमा ४ वटा विरुवा रोपेको हुनुपर्ने र पक्की सडक उपलब्ध रहेको खण्डमा पक्की सडकको लेभेलबाट बढीमा ३ फिटसम्म मात्र प्लीन्थ लेभेल तोकेर नक्सा पास गरिनेछ।

(ग) नगरभित्र रहेका खरको छानो विस्थापित गरी जस्ता पाता र टायलको छाना छाउने व्यवस्था मिलाइनेछ ।

(घ) वडा कार्यालयहरूको लागि क्रमशः वडा कार्यालय भवन निर्माण गरिनेछ ।

(ङ) नेपाल विघुत प्राधिकरणसंग समन्वय गरी डीप बोरिंग संचालनको लागि विघुतीकरण तथा कृषि मिटर जडान, स्वास्थ्य चौकीहरूमा विघुत जडान गरिनेछ।

१२. सूचना तथा सञ्चार :

(क) सबै प्रकारका सूचना माध्यममा जनताको पहुँच पुन्याउन सञ्चार माध्यमलाई निष्पक्ष, मर्यादित, जिम्मेवार, व्यवसायिक र प्रतिस्पर्धी बनाउने नीति अवलम्बन गरिनेछ ।

(ख) नागरिक तहमा सार्वजनिक सेवा र विकासका विविध आयामका बारेमा निरन्तर सचेतना र पैरवी गर्न विधुतीय र छापा संचार माध्यमसंग सहकार्य गरिनेछ ।

(ग) नगर क्षेत्रमा पत्रकारिताको विकास परिमार्जन एवम् पेशागत दक्षताका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(घ) नगरमा भएगरेका कामको डकुमेन्ट्री तथा बुलेटिन प्रकाशन गरिनेछ ।

(ङ) सम्पूर्ण वडा कार्यालयबाट संचालनमा रहेको अनलाईन घटना दर्तालाई प्रभावकारी रूपमा संचालन गर्दै निरन्तरता दिईनेछ ।

(च) नगरपालिका तथा वडा कार्यालयबाट कम्प्युटर प्रणालीद्वारा राजस्व संकलन गर्दै आएको कार्यलाई निरन्तरता दिदै e-payment सिस्टमलाई राजस्व संकलन प्रणालीमा आवद्ध गरी नागरिकलाई छिटो छरितो र सुविधा युक्त तरिकाले राजस्व भुक्तानी गर्न सकिने नीति लिईनेछ ।

(छ) अनलाईन योजना व्यवस्थापन प्रणाली संचालन गरिनेछ ।

(ज) स्थानीय सरोकारका विषयहरु, जनचेतनामूलक संदेश, स्थानीय उद्यम तथा उत्पादन प्रवर्द्धन गर्ने जस्ता कुराहरुको प्रचार प्रसारमा योगदान पुर्याउने सञ्चारकर्मी तथा सञ्चार संस्थालाई पुरस्कृत गर्ने ।

१३. उर्जा तथा वैकल्पिक उर्जा विकास कार्यक्रम :

(क) वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसंगको सहकार्यमा नगरपालिका क्षेत्रभित्र वैकल्पिक उर्जाका विभिन्न श्रोतहरुको पहिचान गरी सुधारिएको चुलो, होम बायोग्यास, सोलार बत्ती जस्ता प्रविधीको प्रयोगमा जोड दिईनेछ।

(ख) विश्व बजारमा पेट्रोलियम पदार्थ तथा खाना पकाउने एल पी जी ग्याँसमा भएको महंगी तथा आयातलाई न्यूनीकरण गर्न विधुतीय चुलो र विधुतीय सवारी साधनको आपूर्ति गर्ने नीति लिईनेछ।

ग) नगरले प्रयोग गर्ने सवारी साधन र ग्यासलाई विस्थापन गरि विधुतीय सवारी साधन र विधुतीय चुलो प्रयोगमा ल्याइने छ।

## वन,वातावरण तथा विपद् व्यवस्थापन

१४. वन तथा भु-संरक्षण : (हरेक घरमा बगैचा बनाऔं : **फलफुलका बिरुवाले सडक सजाऔं)**

(क) सार्वजनिक खाली जग्गा, नदी उकास क्षेत्रको पहिचान र संरक्षण गरी उक्त क्षेत्रको समुचित उपयोगबाट आयआर्जन गर्नुका साथै खोला बगर क्षेत्रलाई स्वच्छ सुन्दर बनाउन फलफुल तथा बोटबिरुवाहरू रोपी संरक्षणको व्यवस्था मिलाइनेछ ।

(ख) गैरकाष्ठ वन पैदावार सम्बन्धी सर्भेक्षण, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधनर बजार व्यवस्थापन गरिनेछ ।

(ग) सार्वजनिक जग्गा र सडक किनाराहरुमा फलफुलका बिरुवा रोप्न वन कार्यालयसँग साँझेदारी गरिनेछ । प्रत्येक वडामा एक एक वटा फलफुलका बिरुवा सहितको पार्क निर्माण गरिनेछ ।

१५. जल उत्पन्न प्रकोप नियन्त्रण:

CamScanner

(ङ) नगरपालिकामा बढि जोखिम तथा धनजनको क्षति हुनसक्ने संभाव्यताको अध्ययन गरी मानव बस्ती संरक्षणका लागि नदी नियन्त्रण र तटबन्ध मार्फत जल उत्पन्न प्रकोप व्यवस्थापनलाई संघीय सरकार, प्रदेश सरकार, राष्ट्रिय र अन्तराष्ट्रिय गैरसरकारी संस्थासंगको समन्वय र सहकार्यमा कार्यान्वयन गरिनेछ।

(च) नदीजन्य पदार्थहरुको उत्खन्न गर्दा नदी प्रणालीको प्रकार, उपलब्ध नदीजन्य पदार्थको परिमाण तथा स्थानीय वातावरणको संवेदनशीलता समेतलाई आधार मानी अध्ययन, अनुसन्धान गरी कार्ययोजना बनाएर मात्र नदीजन्य पदार्थको उपयोग गरिनेछ।

विपद् व्यवस्थापन :

(क) विपद् व्यवस्थापन सम्वन्धी नीति, कानून, मापदण्ड, योजना निर्माण गरी नगरपालिकाबाट कार्यान्वयन र नियमन गरिनेछ।

(ख) विपद् पूर्व तयारी तथा प्रतिकार्य,पुनः स्थापना योजना, खोज तथा उद्धार, राहत सामग्रीको भण्डारण र वितरण कार्यको लागि विपद व्यवस्थापन समितिलाई सक्रिय बनाईनेछ।

(ग) संघ, प्रदेश र स्थानीय समुदाय, संघसंस्था तथा निजी क्षेत्र र राष्ट्रिय/अन्तरराष्ट्रिय गैर सरकारी संस्थासंगको सहयोग, समन्वय र सहकार्यमा विपद् जोखिम क्षेत्रको नक्सांकन, बस्तीहरूको पहिचान र स्थानान्तरण, विपद व्यवस्थापनमा जलवायु परिवर्तन, अनुकूलन तथा प्रकोप व्यवस्थापनको कार्यक्रम संचालन गरिनेछ । साथै गरिदैं आएको कार्यलाई निरन्तरता दिईनेछ।

(घ) प्राकृतिक विपद् व्यवस्थापनको लागि बागमति नदिको किनारामा रहेका टोल बस्तीमा Early Warning System को व्यवस्था गरिनेछ ।

१७. संस्थागत विकास, सेवा प्रवाह र सुशासन : ( सुशासनका लागि : पब्लिक अडिट)

(क) वृन्दावन नगरबासीले नागरिकता प्रमाणपत्रका लागि सिफारिस लिँदै र व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाईं सराईं) दर्ता गर्दा निशुल्क गरिनेछ ।

(ख) जनप्रतिनिधी, कर्मचारी तथा शिक्षकहरूको क्षमता विकासका लागि विभिन्न तालिम तथा अध्ययन अवलोकन भ्रमणहरूको आयोजना तथा संचालन गरिनेछ ।

(ग) स्थानीय तहको संगठन विकास, जनशक्ति व्यवस्थापन लागि कानून बमोजिम स्थानीय तहको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी निर्धारण सहित वृत्ति विकासको अवसर दिइनेछ।

(घ) जनप्रतिनिधि र कर्मचारीहरुले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी,भ्रष्टाचारमुक्त र जनउत्तरदायी बनाउदै नगरको विकासमा पुऱ्याएको योगदानको आधारमा कर्मचारीको कामको मुल्यांकन गरी थप सुविधा तथा प्रोत्साहनको व्यवस्था गरिनेछ।

(ङ) कार्यालयको कार्यबोझलाई घटाउन तथा सेवा प्रवाहलाई छिटोछरितो र पारदर्शी बनाउन सूचना प्रविधिको अधिकतम प्रयोग गर्दै लगिने छ ।

(च) सेवाग्राहीहरूलाई घरबाटै राजस्व तिर्न अनलाईन e-payment सहितको सेवा क्रमशः संचालन गर्ने नीति लिईनेछ ।

(छ) भुक्तानी प्रणाली विद्युतिय माध्यमबाट व्यवस्थापन गरिनेछ ।



CamScanner

(ज) सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शी बनाईनेछ ।

(झ) स्थानीय सरकारको कार्यप्रणाली सुशासनको मूल्य र मान्यतामा आधारित हुनेछ।

(ञ) विकास निर्माण कार्य तोकिएको मापदण्ड तथा गुणस्तर बमोजिम हुने कुरालाई सुनिश्चित गरी प्रभावकारी नियमनगर्नसार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण गरिनेछ ।

(ट) सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणलाई नियम अनुसार अनिवार्य रुपमागर्नेव्यवस्था मिलाइने छ।

(ठ) नागरिकसँग नगरपालिका अन्तरसम्बाद कार्यक्रम लागु गरिनेछ ।

१८. राजस्व परिचालन : (जनताको कर : राजश्व परिचालनको आधार)

(क) नगरपालिकामा राजस्व नियन्त्रण, संकलन र बाँडफाँड, प्राकृतिक स्रोत साधन र व्यवसायिक कर,पुर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानून,मापदण्ड निर्माण गरी कार्यान्वयन गरिनेछ।

(ख) सबै आर्थिक क्रियाकलापलाई करको दायरमा ल्याई राजस्वको आधार फराकिलो बनाउनेतथा आर्थिक क्रियाकलापकोविस्तारमा सहयोग पुग्ने गरी कर प्रणालीलाई लगानी मैत्रीबनाई उत्पादनमूलक उद्योग तथा व्यवसायको प्रवर्द्धन गरिनेछ ।

(ग) करको संरचना र करका दरहरूमा समय सापेक्ष सुधार गरी कर प्रणालीलाई थपप्रगतिशील बनाउन अन्तरक्रिया, छलफल र परामर्श गोष्ठीलगायत विभिन्न कार्यक्रमहरु गरिनेछ।

(घ) विद्युतिय खरिद प्रक्रियालाई (E-Biding) अवलम्वन गरिनेछ ।

१९. बृन्दावन नगरपालिका भु-उपयोग नीति :

(क) कृषियोग्य भूमिको गैर कृषि प्रयोग, कृषि भूमिलाई बाँझो राखे प्रवृति र अनियन्त्रित खण्डीकरणलाई निरुत्साहित गर्दै कृषियोग्य भूमिको समुचित उपयोग एवम् संरक्षणलाईसुनिश्चित गरिनेछ।

(ख) भूमीको उचित व्यवस्थापन तथा योजनाबद्ध बस्ती विकासका लागि नगर स्तरमा भूमापन गरी एकीकृत वस्ती विकास आयोजना सञ्चालन गरिनेछ ।

(ग) नगरपालिका भित्र स्थापित मालपोत र नापी कार्यालय सञ्चालनमा ल्याईनेछ।

(घ) भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासको समस्या समाधान गर्न राष्ट्रिय भूमि आयोगसंग सहकार्य गरी यथार्थ लगत लिई जग्गा धनी प्रमाण पुर्जा उपलब्ध गराईनेछ ।

(ङ) स्थानीय उत्पादनको मूल्याङ्कन अभिबृद्धि (Value Add) गर्ने कामलाई प्रोत्साहित गरिनेछ ।

२०. बृन्दावन नगरपालिकामा न्यायिक समिति सम्वन्धी काम र प्रस्तावना :

CS CamScanner

(क) न्यायिक समितिले प्रचलित कानून बमोजिम उजुरीको कारवाही र किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि तय गरी स्पष्टता, एकरूपता एवं पारदर्शिता कायम गरी कानूनको शासन तथा न्यायप्रतिको जनविश्वास कायम राखिनेछ।

२१. बजेट तर्फ

आदरणीय महानुभावहरु,

- बृन्दावन नगरपालिकाको यस गरिमामय छैठौं नगरसभामा आ.व. २०७९/०८० का लागि तयार गरिएको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न वार्षिक बजेट निम्नानुसार रहेको छ । आ.व. २०७८/०७९ को २०७९ जेष्ठ मसान्त सम्मको आर्थिक अवस्था आय तर्फ रु. ६४,४७,९७,५६८.३० र व्यय तर्फ रु. ४४,३६, ७६,४८३.९९ रहेको छ । यस आ.व. को अन्तसम्म हाल संचालनमा रहेका योजना तथा कार्यक्रमको भुक्तानी दिन बाँकी समेत रहेको छ ।
- आ.व. २०७९/०८० मा निम्नानुसारको बजेट अनुमान तथा खर्चको प्रक्षेपण गरिएको छ ।

**आय तर्फ गरिएको अनुमान**

| | | | |
|---|---|---|---|
| (क)संघीय वित्तीय समानीकरण अनुसार – | १३ करोड | ४४ लाख | |
| (ख)संघीय विशेष अनुदान – | १ करोड | ७० लाख | |
| (ग) संघीय समपुर अनुदान – | १ करोड | ५० लाख | |
| (घ) संघीय राजश्व बाँडफाँड – | ११ करोड | ४८ लाख | ७९ हजार |
| (ङ) आन्तरिक स्रोत – | ७ करोड | १० लाख | |
| (च) प्रदेश सामानीकरण अनुदान – | | ९६ लाख | ५८ हजार |
| (छ) प्रदेश विशेष अनुदान – | | ३० लाख | |

(ज) प्रदेश समपुरक अनुदान – २० लाख
(झ) प्रदेश राजश्व बाँडफाँड – १५ लाख
(ञ) फिर्ता गर्नु पर्ने – ४ करोड ३६ लाख
(ट) संघीय सशर्त तर्फ – २२ करोड ३३ लाख
(ठ) प्रदेश सशर्त तर्फ – १ करोड
(ड) सामाजिक सुरक्षा भत्ता बालपोषण समेत – २१ करोड

८५ करोड ५३ लाख ३७ हजार

CamScanner

## व्यय तर्फ गरिएको अनुमान

(क) चालुगत तर्फ खर्च रु. ४६ करोड १३ लाख १ हजार
(ख) पुंजिगत तर्फ खर्च रु. ३९ करोड ४० लाख ३६ हजार
(ग) वडा कार्यालयहरुलाई उपलब्ध स्रोत र प्राथमिकताका आधारमा जम्मा रु. ७ करोड १० लाख

(घ) विषयगत शाखाहरुका लागि रु. ४ करोड ७८ लाख ३६ हजार

- शिक्षा युवा तथा खेलकुद तर्फ
- स्वास्थ्य शाखा तर्फ
- कृषि विकास शाखा तर्फ
- रोजगारी तथा लघुउद्यम तर्फ
- पशु सेवा तर्फ
- महिला तथा बालबालिका, आपाङ्ग, दलित, पिछडिइएको क्षेत्र तर्फ
- संस्थागत विकास तथा सुशासन तर्फ

(ङ) नगर स्तरीय योजना तर्फ रु. १३ करोड

- प्रशासकीय भवन निर्माण लागत साझेँदारी
- वडा कार्यालय भवन निर्माण
- स्वास्थ्य चौकी भवन निर्माण
- सडक कालो पत्रे
- सडक ढलान
- सडक स्तरोन्नती ग्राभेल
- प्रस्तावित जनमुखी कार्यक्रमहरु आदि

(च) संघीय सरकार तथा प्रदेश सरकारलाई फिर्ता गर्नु पर्ने रकम रु. ४ करोड ३६ लाख

(छ) अन्य क्षेत्र तथा तहबाट प्राप्त हुने बजेट तथा कार्यक्रममा समन्वय तथा सहजीकरण गरिनेछ ।

अन्तमा यस नीति तथा कार्यक्रम र बजेट तर्जुमा कार्यमा सहयोग गर्नु हुने शिर्ष नेता राजनितिक दल, जनप्रतिनिधि, संघसंस्था, समाजसेवी, बुध्दीजिवी, निजि क्षेत्र, गैर सरकारी तथा नागरिक समाज तथा बृन्दावन नगरबासीहरुमा आभार प्रकट गर्न चाहन्छु । यस कार्यमा अहोरात्र खटिने नगर कार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृत र अन्य कर्मचारी मित्रहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । यस नीति, कार्यक्रम तथा बजेट कार्यन्वयनमा सबै पक्षबाट सकारात्मक सहयोगको अपेक्षा गरेको छु ।

**धन्यवाद**

CamScanner